त्यस समय महायज्ञ गर्नको लागि देशका महत्वपूर्ण चारवटा संगठनको अनुमति पाउनु पर्दथ्यो। जनपद तथा नगरका प्रमुख क्षत्रिय परिषद, अमात्य परिषद, ब्राम्हण परिषद तथा अन्य परिषदको अनुमति प्राप्त गर्नु पर्दथ्यो। यी चारै परिषदबाट अनुमति प्राप्त भएमा यज्ञलाई चार परिष्कार परिशुद्ध मानिन्थ्यो। यी चार परिषदको अनुमति प्राप्त भएन भने यज्ञ शुद्ध मानिन्दैनथ्यो। यसको अलावा यज्ञ गर्ने राजा आठ अंगले पूर्ण हुनु आवश्यक थियो ।

१) आमा र बाबु दुबैबाट सुजात हुनुपर्छ ।
२) सुन्दर र सुदर्शनीय हुनुपर्छ ।
३) शीलवान हुनुपर्छ ।
४) धन धान्य र कोष सम्पन्न हुनुपर्छ ।
५) बलवान सेना युक्त तेजस्वी र यशस्वी हुनुपर्छ ।
६) श्रद्धापूर्वक दान दिने हुनुपर्छ ।
७) बहुश्रुत र अर्थपूर्ण हुनुपर्छ ।
८) पण्डित हुनुपर्छ ।

राजाका यी आठ गुण यज्ञको आठ परिष्कार शुद्धि मानिन्छन् राजामा जस्तै यज्ञ गर्ने पूरोहितमा पनि निम्न चार प्रकारका योग्यता अथवा सद्गुण हुनु आवश्यक छ ।

१) आमा र बाबु दुबै तर्फबाट सुजात हुनुपर्छ ।
२) अध्यायक, मन्त्रधर र तीनवटा वेदमा पारंगत हुनुपर्छ ।
३) शीलवान हुनुपर्छ ।
४) मेधावी पण्डित हुनुपर्छ ।

पुरोहितका यी चारवटा गुण यज्ञको चार परिष्कार शुद्धि मानिन्छन् ।

यसरी यज्ञ १६ परिष्कारले शुद्ध र परिपूर्ण हुनु आवश्यक मानिन्छ। यस्तो आदर्श यज्ञले अन्य तीन नियम पूरा गर्नु पर्ने हुन्छ।

१) यज्ञ केवल पितृ र देवताहरूलाई प्रसन्न गर्नका लागि मात्र होइन, राजाको तर्फबाट अन्य ब्राम्हणहरूलाई भरपूर दान दिने उद्देश्यले पनि गरिन्छ। अत: १६ परिष्कार शुद्ध हुनुका साथै राजालाई यी कुराहरू पनि सम्झाइन्छ कि राजाको मन यति धेरै धनराशि दान दिनु पूर्व, दान दिने समयमा र दान दिए पछि खीन्न नहोस्, प्रसन्नचित्त होस् ।
२) यस्ता यज्ञहरूमा प्रजाको तर्फबाट धेरै मानिसहरू सम्मिलित हुन्थे जसमध्ये कोही शीलसदाचारबाट परिपूर्ण हुन्थे भने कोही अपरिपूर्ण हुन्थे। यी शील विहीन मानिसहरूको प्रति अलिकति पनि मनमा द्वेष भाव उत्पन्न गर्नु हुँदैनथ्यो। जो सदाचारी छन् उनको प्रति मनमा मोद जगाई जो सदाचारी छैनन् तिनीहरू प्रति मनमा उपेक्षा भाव राख्नु पर्छ । त्यस समयमा यस्ता महायज्ञहरूमा, शुद्धयज्ञहरूमा गाई, भेंडा-बाख्रा आदि बली दिंइदैनथ्यो । घ्यू, तेल, मखन, दही, कस्ती आदि द्वारा नै पूर्णआहुति दिने गर्थ्यो। नोकर-चाकर, दास-दासिहरूले अन्याय पूर्वक काम गराउँदैनथ्यो। उनीहरूले प्रसन्नपूर्वक, स्वेच्छापूर्वक सेवा गऱ्यो भने गऱ्यो अन्यथा कुनै कर थिएन ।
३) जनपद निगमहरूबाट आएका चार परिषदले पनि स्वेच्छाले चारै तिर यज्ञशाला स्थापित गरेर आफ्नो इच्छाले दान दिएर महायज्ञमा भागीदार हुन पाउँथे ।

यस प्रकार सम्पूर्ण रूपले अनुकूल परिस्थितिमा जुन यज्ञ हुन्थ्यो ती यज्ञ चार प्रकारका परिषदबाट अनुमति प्राप्त हुन्थ्यो। यज्ञ गर्ने राजा आठ अंगबाट परिपूर्ण हुन्थे। यज्ञ गर्ने ब्राम्हण पूरोहित चार प्रकारका अंगहरूबाट पूर्ण हुन्थे । यी सोह्र प्रकारका शुद्धिहरूका अतिरिक्त माथिका तीन प्रकारका नियमहरू पनि हुन्थे ।

यसरी पूर्वकालमा सोह्र परिष्कार अंगबाट पूर्ण त्रिविध यज्ञ हुन्थ्यो। जुन पूर्ण रुपले हिंसा-विहीन यज्ञ हुन्थ्यो। यसलाई सुनेर त्यहाँ उपस्थित ब्राम्हणहरूले उल्लास व्यक्त गर्दै भन्यो धन्य छ यस्तो यज्ञ, धन्य छ यस्तो यज्ञ सम्पदा ।

कूटदन्त आश्चर्य चकित भए, अवाह भएर हेरीरहे । मानौं भगवानले अरु कसैलाई सुनेको होइन आफैले देखेको, उहाँ स्वयं त्यस समयमा उपस्थित भएको झैं यज्ञको बारेमा बताइरहनु भएको थियो । भगवानले भन्नुभयो यी सारा धटनाहरू उनको पूर्वजन्ममा घटेका हुन् र त्यस समयको ब्राम्हण पूरोहित उहाँ स्वयं हुनुहुन्थ्यो ।

यो सुनेर ब्राह्मण कूटदन्त एकदम प्रभावित भए र उनले सोधे कि यो भन्दा पनि उच्च अन्य कुनै यज्ञ छ ? भगवानले प्रणीततर यज्ञको बारेमा ब्याख्या गर्नु भयो जुन अधिक फलदायी र कम खर्चले पुग्दथ्यो । त्यस यज्ञको बारेमा भगवानले भन्नुभयो –

१) शीलवान गृहत्यागीहरूलाई नित्य दान दिनु
२) त्रिशरण यज्ञ
३) शिक्षापद यज्ञ
४) शील यज्ञ
५) समाधि यज्ञ
६) प्रज्ञा यज्ञ

यी यज्ञहरूको बारेमा भगवानले राम्ररी ब्याख्या गर्नु भयो र भन्नुभयो – हे ब्राह्मण यस यज्ञ सम्पदा भन्दा उत्तरोत्तर र प्रणीततर अन्य कुनै यज्ञ-सम्पदा छैन । अर्थात् यही सर्वोत्तम यज्ञ-सम्पदा हो ।

ब्राह्मण कूटदन्त भगवानको वचन सुनेर अत्यन्त प्रभावित भए र भन्नथाले मैले यज्ञशालाका लागि बाँधिएका सम्पूर्ण पशुहरूलाई छोड्छु, मुक्त गरिदिन्छु। तिनीहरूलाई जीवन दान दिन्छु, तिनीहरूले हरियो घाँस खान पाउन, शीतल पानी पिउन पाउन, चिसो हावा लिन पाउन ।

यस प्रकार कूटदन्त ब्राह्मण विद्याचरण सम्पन्न भगवानको आर्य धर्मदेशना सुनेर अनार्य धर्मको दुष्कर्मले दुषित हुनबाट बचे ।

*(तिपिटक में समयक सम्बुद्ध-१)*



Downloaded from http://www.dhamma.digital

# बुद्ध गुण

बुद्धका गुण अनेक छन्। ती मध्ये नौ वटा प्रमुख गुण छन् जसको कारण बुद्ध विश्व प्रख्यात हुनुभयो। मानव इतिहासमा यस्ता व्यक्तित्वहरू कम्ती मात्र पाइन्छन् जो आफ्नो जीव कालमा नै यति जन प्रसिद्ध हुनु सक्यो। भगवान बुद्ध उहाँको जीवनकालमा नै यति धेरै प्रसिद्ध हुनुभयो कि कोहि व्यक्ति भगवानलाई नदेखे पनि अरुले गरेको प्रशंसा सुनेर नै उहाँ प्रति आकर्षित हुन गो। विरोधीहरू पनि उहाँ प्रति आकर्षित भए र उहाँको अनुयायी बने।

त्यस समयका अन्य आचार्यहरूले पनि ख्याती प्राप्त गरेका थिए परन्तु बुद्ध र अरुको ख्याती हुनुको कारण भिन्न थियो। जस्तो –

- महाराज, मक्खलि घोषाल संघपति थिए, गणपति थिए, गणाचार्य थिए, प्रसिद्ध थिए, यशस्वी थिए, तीर्थंकर थिए, धेरै मानिसहरूले ससन्मानित थिए, चिरकालका अनुभवी थिए, चिरकाल देखि नै प्रव्रजित थिए जीवनमा निकै अनुभव प्राप्त गरेका वयोवृद्ध व्यक्तित्व थिए।

उनले भगवान बुद्धको वास्तविक गुणहरूको बारेमा ठीक तरीकाले बुझेका थिएनन्, पूरा जानकारी प्राप्त गरेका थिएनन्। यस्तो अधूरो जानकारीको कारण भगवानको बारेमा यस्तो पनि सोच्थे कि यो श्रमण गौतम संघपति छ, गणपति छ, गणाचार्य छ, प्रसिद्ध छ, यशस्वी छ, तीर्थंकर छ, धेरै मानिसहरूले ससन्मानित व्यक्तित्व हो।

जसले भगवानलाई जानेको छ उनीहरूले यी गुणहरू द्वारा भगवानलाई मूल्याङ्कन गर्दैन थियो। सभय ब्राह्मणलाई पनि भगवानको गुण बारे थाहा थिएन। अत: भगवान बुद्धको गुणहरू संग अन्य आचार्यहरूको गुणलाई दाँज्यो र श्रमण गौतम उमेरमा निक्कै कम छ। अन्य आचार्यहरू उनी भन्दा वृद्ध छन्, बूढा छन्, उमेरमा पाकेका छन् आदि भनेर दाँज्ने गऱ्यो। जबकि श्रमण गौतम कलिलो उमेरको र भरखर प्रवज्या भएको थियो। सभियको मनमा यस्ता वयोवृद्ध तथा अनुभवी आचार्यहरूले त मेरो प्रश्नको उत्तर दिन सकेन भने यस्तो व्यक्तिले के उत्तर देला ? जस्तो लाग्यो।

तर सभियको मनमा फेरि अर्को कुरा उठ्यो यो व्यक्ति युवक भएता पनि ऋद्धिशाली र महाप्रतापी छ।

अत: यसैसंग प्रश्न सोध्न किन नजाने ? उनको विचारमा भगवान बुद्ध गणी, यशस्वी हुनु नै महत्वपूर्ण थियो। तर कलिलो उमेरको हुनु कमजोरी थियो। उसले बुद्धको वास्तविक गुणको बारेमा कसैबाट कहिं पनि सुनेको थिएन। ती गुणको ज्ञान भगवान बुद्धसंग भेटेपछि थाहापाए। भगवान संग नभेटेको भए जहिले पनि यसै भ्रममा परिरहन्थ्यो। कि अन्य आचार्यहरू झैं भगवान पनि गणी र यशस्वी मात्र छ। उसले थाहा नै पाउने थिएन कि यी सामान्य गुण भन्दा भगवानको वास्तविक गुण कति महान छन्।

भगवानको उमेर कम हुनुले कोशल नरेश प्रसेनजित लाई पनि कताकता अप्ठेरो थियो। तर भगवानलाई भेटेपछि उनले आफ्नो स्पष्टवादिताको परिचय दिंदै भने– यो श्रमण गणी छ, गणाचार्य, प्रसिद्ध , यशस्वी, तीर्थंकर र धेरै मानिसहरू द्वारा पूज्य र दिर्घायु छ परन्तु यी विशेषताहरू हुँदैमा नै कसैले सम्यक सम्बोधि प्राप्त गर्न सक्दैन। उनलाई के तपाईंले अनुत्तर सम्यक सम्बोधिको ज्ञान प्राप्त गर्नु भयो ? भनेर सोधेको थिएँ उनले उत्तरमा अनुत्तर सम्यक सम्वोधिको ज्ञान प्राप्त गरेको छैन भन्नुभयो।

त्यसो भए श्रमण गौतम कम उमेरको त्यसमाथि, भरखरै प्रव्रजित भएको, कसरी ठोकेर भन्नु भयो ?

धेरै वर्ष संगत गरे पछि मात्र प्रसेनजितले थाहा पाए कि भगवानको वास्तविक गुणहरू कस्ता हुन्छन्। त्यस पछि मात्र आफू उमेरमा जेष्ठ भए पनि भगवानलाई वन्दना गर्दै भने कि–

**सम्मासम्बुद्धो भगवा** - भगवान सम्यक सम्बुद्ध हुनुहुन्छ।

**स्वाक्खातो भगवता धम्मो** - सुआख्यात छ भगवानको धर्म।

अर्थात् त्यसमा शंका गर्नु पर्ने कुनै स्थान छैन।

**सुप्पटिपन्नो भगवता सावकसङ्घो** - सुप्रतिपन्न छन् भगवानको श्रावक संघ।

कोही शास्तालाई अथवा आचार्यलाई नाप्ने तीन प्रकारका मापदण्ड छन् -

१) शास्ता स्वयं हेर्नमा कस्तो छ? उहाँले जुन सिकाउनु हुन्छ के त्यसको अनुभव स्वयंले गरेको छ ?

२) उहाँले सिकाएको धर्म कस्तो छ ? के त्यो स्पष्ट छ ? जुन जो सुकैले पनि सजिलै बुझ्न सक्छ र धारण गरेर त्यसबाट लाभान्वित हुन सक्छ अथवा उनको धर्मले अन्धविश्वास जगाएर सम्प्रदायिक मत मतान्तरको काल्पनिक मान्यतामा उल्झाउँछ।

३) उनका शिष्यहरू कस्ता छन् ? उनका शिक्षालाई यथार्थ रूपले पालन गर्छन् वा साम्प्रदायिक ठग-विद्या द्वारा मानिसहरूलाई शोषण गर्दछन् ?

नौ वटा विशिष्ट गुण हुनुको कारण भगवान जन प्रसिद्ध हुनुभयो। ती हुन्–

**इतिपि सो भगवा 'अरहं सम्मासम्बुद्धो**
**विज्जाचरणसम्पन्नो सुगतो लोकविद्**
**अनुत्तरो पुरिसदम्मसारथि सत्था**
**देवमनुस्सानं बुद्धो भगवान ति।**



Downloaded from http://www.dhamma.digital

## धम्म जननीको निर्माण

बुद्ध जीवनीसंग सम्बन्धित चार दर्शनीय स्थानहरू मध्ये लुम्बिनी एक हो । जहाँ मानव जातीको साथै प्राणीहरूको हीत सुख गर्न इच्छुक सिद्धार्थ गौतमको जन्म भएको थियो । त्यसैले यो स्थान पूण्यभूमि भयो । यस पावन भूमिमा हाल अनेक राष्ट्रका थुप्रै मन्दिर तथा विहारहरू बन्दैछन् । यसै परिसर भित्र अनेक मानिसहरूको कल्याण गर्ने उद्देश्यले विपश्यना केन्द्र 'धम्म जननी' को स्थापना गरेको छ । यस केन्द्रको निमार्ण कार्यको शुभारम्भ गत फाल्गुण महिनामा पूज्य गुरुजी श्री सत्यनारायण गोयन्काज्यूले गर्नुभयो । विगत तीन-चार महिनामा धम्महल तथा निवासको निर्माण भइरहेको छ । आगामी हिउँद महिनामा दश दिवसीय शिविर यसै केन्द्रमा सञ्चालन गर्ने उद्देश्य छ । शदियौंसम्म यस स्थानमा क्रमिक रूपले साधना भइरहनेछन् र मानिसहरूले तपेर आफ्नो मंगल गर्नेछन् । अहिले यसको निर्माणमा सहयोग गर्ने बेला आएको छ ताकि शिविर सञ्चालन गर्न लायक होस् । यस अवसरमा दान गरी पुनीत हुनुहोस् । यस दानको लागि ज्योति भवनमा सम्पर्क राख्नु होला ।

## पत्रिकाको नविकरण गर्ने सूचना

ने.बि.के.ले साधकहरूको लागि प्रकाशित यो 'विपश्यना' पत्रिकाको २०५८ सालको नविकरण गर्न बाँकी रहेका सदस्यहरूले सीघ्र नविकरण गर्न अनुरोध गरिन्छ। यसको लागि ज्योति भवनमा सम्पर्क राख्नु होला ।

## धर्म गाथा प्रायोजन

यस पत्रिकामा प्रकाशित भइरहेको धर्मगाथा सबै साधक-साधिकाहरूले प्रायोजन गर्न सक्नेछन्। उक्त गाथा एक पटक प्रायोजन गर्न रूपैया पाँचसय लाग्नेछ । साधकहरूको प्रेरणाको लागि सहयोगी बन्न इच्छुक साधक साधिकाहरूले गाथा प्रायोजन गरी पूण्यलाभी बुन्नुहोस् ।

# धर्म गाथा

### हिन्दी

नमन करूँ मैं बुद्ध को, कैसे करुणागार ।<br>
दु:ख मिटावन पथ दिया, सुखी करन संसार ॥

नमस्कार उनको करूं, जो सम्यक सम्बुद्ध ।<br>
जो भगवत अरहंत जो, जो पावन परिशुद्ध ॥

याद करूं जब बुद्ध की, करुणा अमित अपार ।<br>
तन मन पुलकित हो उठे, चित छाये आभार ॥

यही बुद्ध की वन्दना, विनय नमन आभार ।<br>
जागे बोध अनित्य का, होवें दूर विकार ॥

देख सुखद संवेदना, आस्वादन न होय ।<br>
भय देखें सुख स्वाद में, बुद्ध वन्दना सोय ॥

देख दुखद संवेदना, द्वेष न जाग्रत होय ।<br>
भय देखें जब द्वेष में, बुद्ध वंदना होय ॥

**मंगल कामना सहित**<br>
**भाजुरत्न फर्मा**<br>
बिरगञ्ज ।

### हिन्दी

जहाँ धरम के नाम पर, बाडाबंदी होय ।<br>
करै दिखावा धरम का, सम्प्रदाय है सोय ॥

जहाँ धरम के नाम पर, जागे भावावेश ।<br>
सम्प्रदाय ही हो प्रमुख, धरम न हो लवलेश ॥

जहाँ बौद्ध या जैन का, लेबल होय प्रधान ।<br>
सत्य धरम का भरम है, सम्प्रदाय ही जान ॥

हिन्दू मुस्लिम सिक्ख का, जागे जहां गुमान ।<br>
महज मुखौटा धरम का, सम्प्रदाय पहचान ॥

जात पात कुल गोत्र का, भेदभाव जब होय ।<br>
सम्प्रदाय ही हो प्रमुख, धरम तिरोहित होय ॥

वर्ण भेद से लोग जब, ऊंच नीच कहलांय ।<br>
धरम धँसे पाताल में, सम्प्रदाय रह जाय ॥

**मंगल कामना सहित**<br>
**भाजुरत्न फर्मा**<br>
बिरगञ्ज ।

*सम्पादक :* रोशनी शाक्य, *प्रकाशक :* नेपाल विपश्यना केन्द्र, धर्मश्रृङ्ग, बुढानीलकण्ठ, काठमाडौं । फोन : ३७१६५५, ३७१००७ *ज्येष्ठ २०५८*

*सम्पर्क स्थान :* श्री रूप ज्योति, ज्योति भवन, पो. ब. नं. १२८९६, काठमाडौं । फोन : २-२५४९०, २-२३९६८, २-४८९४९, २-५०५८१

*मुद्रक :* न्यू नेपाल प्रेस, प्रधान कार्यालय फोन : ४३४ ८५०, ४३४ ७५३; शाखा कार्यालय फोन : २५ ९० ३२, २५९४५०, फ्याक्स : (+९७७-१) २५८६७८

जि.प्र.का.द.नं. ३८/५१/५२

साधकको नाम : ........................................

ठेगाना : ........................................

........................................

........................................

● आजीवन शुल्क रू. ४००/-<br>
● वार्षिक शुल्क रू. २५/-



Downloaded from http://www.dhamma.digital